# लुम्बिनी विकास बैंक लिमिटेड
## डिल्लीबजार, काठमाडौंका
## शेयरधनी महानुभावहरुलाई
## निर्वाचन कार्यक्रमको सूचना

यस बैंकको संचालक समितिमा संस्थापक र सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने संचालक पदको मिति २०७९/०९/२६ गते हुने निर्वाचनको प्रयोजनको लागी निम्नानुसारको निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएको छ :

| क.सं | कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १. | मतदाता नामावली प्रकाशन गर्ने | २०७९/०९/१९ | १३:०० बजे | बैंकको केन्द्रिय कार्यालय, डिल्लीबजार, काठमाडौं |
| २. | मतदाता नामावली उपर दावी विरोध गर्ने | २०७९/०९/१९ | १३:०० बजे देखी १४:३० बजेसम्म | बैंकको केन्द्रिय कार्यालय, डिल्लीबजार, काठमाडौं |
| ३. | मतदाता नामावलीमा छानविन तथा निर्णय गर्ने | २०७९/०९/१९ | १५:३० बजे | बैंकको केन्द्रिय कार्यालय, डिल्लीबजार, काठमाडौं |
| ४. | अन्तिम मतदाता नमावली प्रकाशन गर्ने | २०७९/०९/१९ | १६:०० बजे | बैंकको केन्द्रिय कार्यालय, डिल्लीबजार, काठमाडौं |
| ५. | मनोनयनपत्र दर्ता गर्ने | २०७९/०९/२० | ११:०० बजे देखी १४:०० बजे सम्म | बैंकको केन्द्रिय कार्यालय, डिल्लीबजार, काठमाडौं |
| ६. | मनोनयनपत्र दर्ता भएका उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७९/०९/२० | १४:०५ बजे | बैंकको केन्द्रिय कार्यालय, डिल्लीबजार, काठमाडौं |
| ७. | उम्मेदवारको नामावलीमा दावी विरोध गर्न सक्ने | २०७९/०९/२० | १४:०५ बजे देखी १६:०० बजे सम्म | बैंकको केन्द्रिय कार्यालय, डिल्लीबजार, काठमाडौं |
| ८ | उम्मेदवारको मनोनयनपत्र जाँच र उजुरी उपचारको निर्णय गर्ने | २०७९/०९/२० | १७:०० बजे | बैंकको केन्द्रिय कार्यालय, डिल्लीबजार, काठमाडौं |
| ९. | उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्ने | २०७९/०९/२१ | ११:०० बजे देखी १४:०० बजे सम्म | बैंकको केन्द्रिय कार्यालय, डिल्लीबजार, काठमाडौं |
| १०. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७९/०९/२१ | १४:१५ बजे देखी | बैंकको केन्द्रिय कार्यालय, डिल्लीबजार, काठमाडौं |
| ११. | मतदान गर्ने | २०७९/०९/२६ | साधारण सभामा निर्बाचनको बिषय शुरु भएपछि निर्बाचन अधिकृतले तोकिएको समयमा | साधारण सभास्थल, अमृत भोग, कालिकास्थान, काठमाडौं । |
| १२. | मतगणना गर्ने | २०७९/०९/२६ | निर्वाचन सम्पन्न भए पछि | साधारण सभास्थल, अमृत भोग, कालिकास्थान, काठमाडौं । |
| १३. | निर्वाचन परिणाम घोषणा गर्ने | २०७९/०९/२६ | मतगणना सम्पन्न भए पछि वा निर्विरोध भएमा | साधारण सभास्थल, अमृत भोग, कालिकास्थान, काठमाडौं । |

निर्वाचन अधिकृत    निर्वाचन अधिकृत

द्रष्टव्य:

१. प्रोक्सी मिति २०७९/०९/२४ गते ११:०० बजे भित्र बैंकको केन्द्रिय कार्यालय, डिल्लीबजारमा दर्ता गराई सक्नुपर्नेछ । प्रोक्सी बदर गर्नु परेमा साधारण सभा शुरु हुनुभन्दा २४ घण्टा अगावै कार्यालय समय भित्र बदर गर्नुपर्नेछ ।

२. शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा आफ्नो नाममा रहेको सम्पुर्ण शेयरको प्रतिनिधि (प्रोक्सी) एकजना व्यक्तिलाई मात्र मुकर्रर गर्नु पर्नेछ । एकभन्दा बढी व्यक्तिलाई अख्तियारनामा दिएमा पहिलो पटक दर्ता हुन आएको अख्तियारनामालाई मान्यता दिइनेछ र पछिल्लो पटक दर्ता हुन आएको अख्तियारनामा स्वत: बदर हुनेछ । संगठित संस्थाका शेयरधनीको हकमा संस्थाले तोकि खटाएको वा मनोनित गरेको प्रतिनिधिले साधारण सभामा भाग लिन पाउनु हुनेछ ।

३. उम्मेदवारले संचालक पदको लागि प्रचलित नेपाल कानुनले योग्यता पुगेको विवरण तथा विवरणमा उल्लेखित देहाय बमोजिमको कागजातहरुको प्रमाणित प्रतिलिपि/सक्कल प्रति पनि दरखास्त साथ पेश गर्नु पर्नेछ ।

- क) नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- ख) विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा पाँच वर्ष काम गरेको कार्यानुभवको पत्र वा,
- ग) स्नातकोपाधि हासिल गरेको र विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको संचालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा तीन वर्ष काम गरेको कार्यानुभवको पत्र वा,
- घ) व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याँकशास्त्र, गणितशास्त्र, ब्यापार प्रशासन, जनप्रशासन वा कानून बिषयमा स्नातकोत्तर उपाधी हासिल गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- ङ) कर्जा सूचना केन्द्र लि. बाट कालोसूचीमा समावेश नभएको जानकारी पत्र ।
- च) न्युनतम १०० कित्ता शेयर ग्रहण गरेको शेयर प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा डिम्याट गरेको शेयर स्टेटमेन्ट ।
- छ) सञ्चालक पदका उम्मेदवार बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १८ मा तोकिए अनुसारका व्यक्ति उम्मेदवारको लागि अयोग्य मानिनेछ । सञ्चालक पदका लागि त्यस्तो उम्मेदवारीको दर्खास्त पर्न आएमा स्वत: रद्ध हुनेछ ।
- ज) साथै बैक तथा बित्तिय संस्था सम्बन्धि ऐन २०७३ तथा नेपाल राष्ट्र बैकबाट ताकिएको निर्देशन अनुसारको योग्यता तथा अनुभव हासिल नगरेको ब्यक्ति संचालक पदमा मनोनयन गर्न अयोग्य मानिने छ ।
- झ) संगठित संस्थाका शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने व्यक्तिले सम्बन्धित संगठित संस्थाको अख्तियारी लिई उपस्थित हुनुपर्ने छ ।

४. निर्वाचन कार्यक्रम अनुसार प्रकाशित मतदाता नामावली प्रकाशन गर्दा लुम्बिनी विकास बैंक लि. को वेवसाइटमा सोही दिन प्रकाशित मतदाता नामावली समेत आधिकारिक रुपमा प्रकाशित नामावली भएको मानिनेछ ।

५. मनोनयनपत्र दर्ता गर्ने प्रयोजनको लागि रु.१०,०००/- (अक्षरेपि दश हजार मात्र) (पछि फिर्ता नहुने गरी) नगदै दाखिला गर्नुपर्नेछ ।

६. मतदान गर्ने प्रयोजनको लागि प्रतिनिधि नियुक्त गरेको प्रोक्सी फारममा बैंकको शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लिमिटेड हस्ताक्षर प्रमाणित गरी तोकिएको समयावधि भित्रै प्रोक्सी फारम दर्ता गरिसक्नुपर्नेछ ।

७. अन्य कुराहरु प्रचलित नेपाल कानून बमोजिम हुने छ ।

मिति: २०७९/०९/१२

निर्वाचन अधिकृत

Lumbini Bikas Bank Limited Head Office

सही: ...............
नाम : पवनराम भट्टराई
निर्वाचन अधिकृत

सही : ...............
नाम : श्याम कुमार खत्री
निर्वाचन अधिकृत

# प्रोक्सी सम्वन्धमा जारी

## सूचना

- शेयरधनी दर्ता किताव बन्द भएको मिति २०७९/०९/१३ गते भन्दा अगाडि अर्थात मिति २०७९/०९/१२ गते सम्ममा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा नियमानुसार कारोवार भई सि.डि.एस. एण्ड क्लियरिङ लिमिटेडवाट राफसाफ समेत भई प्रचलित नियमानुसार यस विकास बैंकको शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, का.म.न.पा. वडा नं. १, नारायण चौर, नक्सालमा रहेको शेयरधनी दर्ता किताबमा अद्यावधिक भई कायम हुन आएका शेयरधनीहरु मात्र साधारण सभामा भाग लिन, मतदान गर्न र लाभांश प्राप्त गर्न योग्य हुनुहुन्छ ।

- साधारण सभामा भाग लिन तथा मतदान गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकिएको ढाँचामा यस विकास बैंकको शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नुहुनेछ ।

- प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा संस्थापक र सर्वसाधारण दुवै समुहको शेयर धारण गर्ने शेयरधनीले एकै व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नुहुनेछ ।

- विकास बैंकको website वा कार्यालयमा उपलब्ध प्रोक्सी फारम मार्फत मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन अनिवार्यरुपमा बैंकको **शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लि.बाट प्रोक्सी लिने दिने दुबैको हस्ताक्षर प्रमाणित गराई सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै** विकास बैंकको केन्द्रीय कार्यालय, डिल्लीबजार, काठमाडौं स्थित निर्वाचन अधिकृतको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । तोकिएको भन्दा फरक ढाँचाको प्रोक्सी फारम मान्य हुने छैन ।

- प्रतिनिधि नियुक्त गरिसक्नु भएको शेयरधनी आँफै सभामा उपस्थित भई उपस्थिति पुस्तिकामा दस्तखत गर्न चाहेमा सो को लिखित सूचना दिई प्रतिनिधि (प्रोक्सी) बदर गर्न सक्नु हुनेछ ।

- एक भन्दा बढी व्यक्तिको संयुक्त नाममा शेयर दर्ता भएकोमा त्यस्ता संयुक्त शेयरधनी मध्ये दर्ता किताबमा जसको नाम अगाडि उल्लेख भएको छ त्यस्तो शेयरवालाले वा संयुक्त शेयरधनीहरु मध्ये सर्वसम्मतिबाट आफूहरु मध्ये मनोनित शेयरधनीले वा सर्वसम्मतिबाट नियुक्त प्रोक्सी (प्रतिनिधि) ले उपस्थित भई मतदान गर्न सक्ने छन् ।

  तर प्रोप्राईटरसिप र पार्टनरसिप (साझेदारी) फर्मको हकमा प्रोप्राईटरले र साझेदारहरुको सर्वसम्मतिले नियुक्त आफु मध्येको साझेदार वा प्रोक्सीले उपस्थित भई मतदान गर्न पाउनेछ ।

- नाबालक वा अशक्त शेयरधनीको हकमा त्यस्ता शेयरधनीको संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले वा त्यस्तो व्यक्तिले नियुक्त गरेको प्रोक्सीले उपस्थित भई मतदान गर्न पाउनेछ ।

- बैंकसँग प्रोक्सी फारम (प्रतिनिधिपत्र) सँग सम्वन्धित कुनैपनि पत्राचार गर्दा श्री निर्वाचन अधिकृत, लुम्विनी विकास बैंक लिमिटेड डिल्लीबजार, काठमाडौंमा गर्नुपर्नेछ ।

- अन्य कुराहरु प्रचलित नेपाल कानून बमोजिम हुने छ ।

...........................
श्री निर्वाचन अधिकृत
लुम्विनी विकास बैंक लिमिटेड
डिल्लीबजार, काठमाडौं ।

निर्वाचन अधिकृत

...........................
श्री निर्वाचन अधिकृत
लुम्विनी विकास बैंक लिमिटेड
डिल्लीबजार, काठमाडौं ।

निर्वाचन अधिकृत